आकाशवाणी

1 February 2026

सर्वप्रथम मुख्य समाचार ........

१.अर्थमन्त्री निर्मला सीतारमणले आज लोकसभामा आर्थिक वर्ष  २०२६-२७ को संघीय बजेट गर्नुभयो प्रस्तुत.......

२. प्रधानमन्त्री नरेन्द्र मोदीले केन्द्रीय बजेट २०२६-२०२७,१४० करोड भारतीय नागरिकहरूको आकाङ्क्षा र सपनाको प्रतिबिम्ब भएको गर्नुभयो उल्लेख ...

३. वर्ष २०२६ -२७ का निम्ति प्रस्तुत बजेटमा  पूर्वोदय राज्यहरू र विशेषगरी उत्तरपूर्वी भारतको विकासलाई सरकारले राख्यो मुख्य प्राथमिकतामा .....

४.  संत रविदास जयन्तीका अवसरमा राष्ट्रपति द्रौपदी मुर्मु र प्रधानमन्त्री नरेन्द्र मोदीले देशवासीलाई दिनुभयो  शुभकामना .. अनि

५.  आईसीसी पुरुष Under-19 एकदिवसीय विश्वकपको 'सुपर सिक्स' खेलमा भारतले आफ्नो चीर प्रतिद्वन्द्वी पाकिस्तानलाई जितका लागि दियो २५३ रनको लक्ष्य...

----------

1.लोकसभामा आर्थिक बजेट वर्ष २०२६-२७

केन्द्रीय अर्थमन्त्री निर्मला सीतारमणले आज लोकसभामा आर्थिक वर्ष २०२६-२७ को संघीय बजेट प्रस्तुत गर्नुभएको छ । "युवा शक्ति" लाई मेरुदण्ड मानिएको यस बजेटले गरिबी निवारण र आम जनताको जीवनस्तर सुधारमा जोड दिएको छ । अर्थमन्त्रीले आफ्नो बजेटमा आर्थिक

वृद्धिलाई तीव्रता दिने, क्षमता अभिवृद्धि गर्ने र हरेक परिवारलाई अवसर प्रदान गर्ने तीन मुख्य कर्तव्यहरूको उल्लेख गर्नुभयो ।

बजेटमा 'बायोफार्मा शक्ति' (Biopharma SHAKTI) योजनाका लागि १० हजार करोड रुपैयाँ विनियोजन गरिएको छ भने इलेक्ट्रोनिक्स सामग्री उत्पादनका लागि ४० हजार करोड छुट्याइएको छ । यातायात क्षेत्रमा ठूलो फड्को मार्दै मुम्बई-पुणे, हैदराबाद-बेंगलुरु र दिल्ली-वाराणसी लगायत सातवटा उच्च गतिको रेल (High-Speed Rail) कोरिडोर निर्माण गर्ने योजना अघि सारिएको छ ।

यसरी नै शिक्षालाई रोजगारीसँग जोड्न 'शिक्षादेखि रोजगारी र उद्यम' सम्बन्धी उच्चस्तरीय समिति गठन गरिने, स्वास्थ्य क्षेत्रमा पाँचवटा क्षेत्रीय मेडिकल हब र तीनवटा नयाँ आयुर्वेद संस्थान स्थापना गरिने र आगामी वर्ष १ लाख ५० हजार केयर गिभर (CARE GIVER) हरूलाई तालिम दिने लक्ष्य यस बर्षको  बजेटमा राखिएको छ ।

यसैगरी तटीय क्षेत्रका किसानहरूका लागि नरिवल, काजु र कोको उत्पादन बढाउन विशेष योजना ल्याइएको छ । कार्बन उत्सर्जन घटाउन 'कार्बन क्याप्चर र उपयोग' का लागि २० हजार करोड रुपैयाँ विनियोजन गरिएको छ । नयाँ आयकर ऐन २०२५ आगामी अप्रिल १, २०२६ देखि कार्यान्वयनमा आउनेछ । व्यक्तिगत प्रयोगका लागि विदेशबाट ल्याइने सामानमा भन्सार महसुल २० प्रतिशतबाट घटाएर १० प्रतिशत कायम गरिएको छ । क्यान्सरका १७ प्रकारका औषधि र दुर्लभ रोगका औषधिहरूमा भन्सार शुल्क पूर्ण रूपमा मिनाहा गरिएको छ ।

अर्थमन्त्रीले वित्तीय घाटा जी.डी.पी.को ४.३ प्रतिशतमा सीमित राख्ने लक्ष्य प्रस्तुत गर्दै देशलाई विकसित राष्ट्र बनाउने दिशामा यो बजेट एउटा कोसेढुङ्गा सावित हुने विश्वास व्यक्त गर्नुभएको छ।

2.केन्द्रीय बजेट २०२६-२०२७

प्रधानमन्त्री नरेन्द्र मोदीले केन्द्रीय बजेट २०२६-२०२७ लाई एक 'ऐतिहासिक' दस्तावेजको संज्ञा दिनुभएको छ । बजेट घोषणा पश्चात् एक भिडियो सन्देश जारी गर्दै प्रधानमन्त्रीले यो बजेट १४० करोड भारतीय नागरिकहरूको आकाङ्क्षा र सपनाको प्रतिबिम्ब भएको उल्लेख गर्नुभयो।"

प्रधानमन्त्रीले यो बजेट पूर्ण रूपमा देशको हितमा रहेको र यसले राष्ट्रिय विकासको यात्रालाई नयाँ उर्जा प्रदान गर्ने विश्वास व्यक्त गर्नुभयो। यस वर्षको बजेट पूर्णरूपमा युवा केन्द्रित र युवा शक्ति बजेट भएको बताउँदै प्रधानमन्त्री मोदीले दृढताका साथ भन्नुभयो कि भारत छिट्टै विश्वको तेस्रो ठूलो अर्थतन्त्र बन्ने मार्गमा अघि बढिरहेको छ।

केन्द्रीय गृह मन्त्री अमित शाहले संघीय बजेट २०२६-२७ ले सबै क्षेत्र, वर्ग र नागरिकहरूलाई सशक्त बनाउने बताउनुभएको छ । सामाजिक सञ्जालमार्फत सन्देश दिँदै श्री शाहले यो बजेट प्रधानमन्त्री नरेन्द्र मोदीको 'आत्मनिर्भर' र 'विकसित भारत' को संकल्पको प्रतिबिम्ब भएको उल्लेख गर्नुभयो । उहाँका अनुसार, यस बजेटले सन् २०४७ सम्मको विकसित भारतको

परिकल्पना र आगामी २५ वर्षका लागि सरकारको स्पष्ट मार्गचित्र (Roadmap) प्रस्तुत गरेको छ।

यसरी नै केन्द्रीय इलेक्ट्रोनिक्स र सूचना प्रविधि मन्त्री अश्विनी वैष्णवले केन्द्रीय बजेट २०२६-२७ लाई देशको सर्वाङ्गीण विकास र 'विकसित भारत' निर्माणको दिशामा एउटा बलियो आधारस्तम्भ भएको बताउनुभएको छ।"

उहाँका अनुसार: यस पटकको बजेटले मुलुकको उत्पादन (Manufacturing) क्षेत्रलाई विशेष प्राथमिकतामा राखेको छ।

मन्त्री वैष्णवले विशेष गरी इलेक्ट्रोनिक उत्पादन र सेमीकन्डक्टर (Semiconductor) उत्पादनमा बजेटले महत्त्वपूर्ण जोड दिएको जानकारी दिनुभयो। यसले भारतलाई विश्वव्यापी प्रविधि बजारमा एक प्रमुख केन्द्रको रूपमा स्थापित गर्ने उहाँको विश्वास छ।

3.पूर्वोदय राज्यहरू र विशेष गरी उत्तर-पूर्वी भारतको

केन्द्रीय अर्थमन्त्री श्रीमती निर्मला सीतारमणले आज संघीय संसदमा आर्थिक वर्ष २०२६-२७ का निम्ति  प्रस्तुत गर्नुभएको यस वर्षको बजेटमा सरकारले पूर्वोदय राज्यहरू र विशेष गरी उत्तर-पूर्वी भारतको विकासलाई मुख्य प्राथमिकतामा राखेको छ।"

अर्थमन्त्री सीतारमणले सिक्किम, अरुणाचल प्रदेश, असम, मणिपुर, मिजोरम र त्रिपुरामा 'बौद्ध सर्किट' (Buddhist Circuits) को विकासका लागि नयाँ योजनाको घोषणा गर्नुभएको छ। यस योजना अन्तर्गत ऐतिहासिक मन्दिर तथा गुम्बाहरूको संरक्षण, तीर्थयात्री व्याख्या केन्द्र (Pilgrimage Interpretation Centres) को स्थापना, सडक तथा डिजिटल कनेक्टिभिटी र तीर्थयात्रीहरूका लागि आधुनिक सुविधाहरू उपलब्ध गराइनेछ।

अर्थमन्त्रीले पाँचवटा पूर्वोदय राज्यहरूमा पाँचवटा नयाँ पर्यटकीय गन्तव्यहरू निर्माण गर्ने प्रस्ताव गर्नुभएको छ। साथै, पश्चिम बंगालको दुर्गापुरमा एक सुव्यवस्थित नोडसहितको 'इन्टिग्रेटेड इस्ट कोस्ट इन्डस्ट्रियल कोरिडोर' विकास गरिने भएको छ।

यस क्षेत्रमा यातायात सेवालाई सहज र प्रदूषणरहित बनाउन सरकारले ४,००० वटा इलेक्ट्रिक बस (e-buses) सञ्चालन गर्ने व्यवस्था मिलाएको छ।

"यो बजेटले सिक्किम र छिमेकी राज्यहरूमा धार्मिक पर्यटनलाई विश्वस्तरमा पुऱ्याउनुका साथै औद्योगिक र पूर्वाधार विकासमा नयाँ आयाम थप्ने विश्वास गरिएको छ । "यसरी नै पश्चिम बंगालको व्यावसायिक जगतले यसरी नै पूर्वाधार र औद्योगिक वृद्धिका लागि यस बजेटलाई एक महत्त्वपूर्ण कोसेढुङ्गाका रूपमा लिएको छ ।"

4.संत रविदास जयन्ती

संत रविदास जयन्तीका अवसरमा राष्ट्रपति द्रौपदी मुर्मु र प्रधानमन्त्री नरेन्द्र मोदीले देशवासीहरूलाई हार्दिक शुभकामना व्यक्त गर्नुभएको छ।

सामाजिक सञ्जालमार्फत आफ्नो सन्देश दिँदै राष्ट्रपति मुर्मुले भन्नुभयो समानता र सद्भावमा आधारित गुरु रविदासको सन्देश समाजका लागि प्रेरणाको एउटा शाश्वत स्रोत हो । राष्ट्रपतिले आफ्नो सन्देशमा सबै नागरिकलाई गुरु रविदासको सेवा र भक्तिभावको शिक्षा आत्मसात् गर्दै एक विकसित राष्ट्र निर्माणमा योगदान दिन आग्रह समेत गर्नुभएको छ।

त्यसैगरी प्रधानमन्त्री नरेन्द्र मोदीले गुरु रविदासका विचारहरूमा न्याय र करुणाको भावना सर्वोपरी रहेको उल्लेख गर्नुभयो । प्रधानमन्त्रीले आफ्नो सन्देशमा गुरु रविदासद्वारा प्रज्वलित सामाजिक सद्भाव र आपसी मेलमिलापको ज्योतिले देशवासीको मार्गलाई सदैव आलोकित गरिरहने विश्वास पनि व्यक्त गर्नुभएको छ।

यसै सन्दर्भमा प्रधानमन्त्री नरेन्द्र मोदीले आज पञ्जाबको जालन्धरस्थित डेरा सचखण्ड बल्लाँ पुगेर सन्त गुरु रविदास जीको ६४९औँ प्रकाश पर्व (जन्मजयन्ती) को अवसरमा विशेष पूजा-अर्चना गर्नुभएको छ।

डेरा सचखण्ड बल्लाँ पुग्नु अगाडि प्रधानमन्त्रीले आदमपुर विमानस्थलको नयाँ नाम 'श्री गुरु रविदास महाराज जी विमानस्थल, आदमपुर' को अनावरण गर्नुभयो । साथै, उहाँले

लुधियानास्थित हलवारा विमानस्थलको नयाँ टर्मिनल भवनको पनि भर्चुअल माध्यमबाट उद्घाटन गर्नुभएको छ ।

डेरामा उपस्थित जनसमूहलाई सम्बोधन गर्दै प्रधानमन्त्रीले सन् २०४७ सम्ममा 'विकसित भारत' बनाउने लक्ष्य हासिल गर्न देश तीव्र गतिमा अघि बढिरहेको बताउनुभयो । उहाँले आजै संसदमा प्रस्तुत गरिएको संघीय बजेटमा पञ्जाब र देशभरका उद्योग तथा MSME (साना तथा मझौला उद्योग) क्षेत्रलाई विशेष ध्यान दिइएको उल्लेख गर्नुभयो ।

भारत-ईयू स्वतन्त्र व्यापार सम्झौता (India-EU FTA): प्रधानमन्त्रीले भर्खरै सम्पन्न भारत र युरोपेली संघ बीचको स्वतन्त्र व्यापार सम्झौताले पञ्जाबका खेलकुद सामग्री र अन्य उद्योगहरूका लागि विश्वव्यापी बजारको ढोका खोल्ने बताउनुभयो।

अन्तर्राष्ट्रिय बजारमा भारतीय उत्पादन: उहाँले उद्योगीहरूलाई अन्तर्राष्ट्रिय बजारका लागि उच्च गुणस्तरका भारतीय उत्पादनहरू तयार गर्न आह्वान गर्नुभयो। ब्रिटिस शासन अघिको जस्तै यस क्षेत्रमा भारतको गौरवलाई पुनः स्थापित गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

"प्रधानमन्त्रीको यो भ्रमणले पञ्जाबको धार्मिक आस्थालाई सम्मान गर्नुका साथै यहाँको औद्योगिक र आर्थिक विकासका लागि नयाँ मार्ग प्रशस्त गरेको छ।"

## 5.आईसीसी यू-१९ विश्वकपको

जिम्बाब्वेको बुलावेयोमा जारी आईसीसी Under-19 विश्वकपको सुपर सिक्स खेलमा भारतले पाकिस्तानलाई जितका लागि २५३ रनको लक्ष्य दिएको छ। टस हारेर पहिले ब्याटिङ गरेको भारतले ४९.५ ओभरमा सबै विकेट गुमाउँदै २५२ रन बनायो ।"

भारतका लागि वेदान्त त्रिवेदीले सर्वाधिक ६८ रनको महत्वपूर्ण पारी खेले । त्यस्तै, कनिष्क चौहानले ३५ र वैभव सूर्यवंशीले ३० रनको योगदान दिए । । सेमिफाइनलमा पुग्न पाकिस्तानले यो लक्ष्य ५० ओभरमा पूरा गर्नुपर्नेछ, तर नेट रन रेटमा भारतलाई पछि पार्न उसले ३३.३

ओभर भित्रै जित हासिल गर्नुपर्ने कठिन चुनौती छ ।  यो समाचार तयार पार्दासम्म पाकिस्तानले .... ओभरमा विकेट गुमाउँदै .. । रन बनाएको छ ।

############.अस्ट्रेलियन ओपन#############

"टेनिस जगतमा आज एउटा नयाँ इतिहास रचिएको छ । स्पेनका युवा स्टार कार्लोस अल्काराजले भेट्रान खेलाडी नोभाक जोकोभिचलाई पराजित गर्दै आफ्नो पहिलो अस्ट्रेलियन ओपन उपाधि जितेका छन् । मेलबर्नको रड लेभर एरिनामा आज भएको पुरुष तर्फको फाइनलमा २२ वर्षीय अल्काराजले जोकोभिचलाई २-६, ६-२, ६-३ र ७-५ को सेटमा पराजित गरेका हुन् ।" यो जितसँगै अल्काराजले टेनिसका चारै वटा प्रमुख उपाधि जितेर 'करियर ग्राण्ड स्लाम' पुरा गर्ने सबैभन्दा कान्छो पुरुष खेलाडीको कीर्तिमान बनाएका छन् । अल्काराजको यो ऐतिहासिक सफलताले टेनिसमा नयाँ युगको सुरुवात भएको संकेत गरेको छ ।

------------